# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) विराटनगर, नेपाल, जेठ २ गते, २०७५ साल (संख्या १

## भाग ३

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश नं. १ को प्रदेश सरकारबाट निर्णय भई प्रमाणीकरण भएका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाशन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको "प्रदेश सरकार, प्रदेश नं. १ बाट प्रकाशित हुने राजपत्रको ढाँचा र सो सम्बन्धी अन्य विवरण" प्रदेश सरकारको मिति २०७५/०१/३१ को निर्णयबाट स्वीकृत भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## प्रदेश नं. १ प्रदेश सरकार राजपत्रको नमुना ढाँचा र अन्य विवरण

१। अर्को व्यवस्था नभएसम्म प्रदेश राजपत्र छपाई नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतको मुद्रण विभागबाट गर्ने,

२। प्रदेश सरकारको राजपत्र आवश्यकता अनुसार नियमित तथा अतिरिक्ताङ्को रुपमा प्रकाशन गर्ने,

३। प्रदेश राजपत्रमा देहायको बमोजिमको भाग कायम गरी देहाय बमोजिमका विषयहरु प्रकाशन गर्ने:

भाग-१ मा प्रदेश सभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन तथा अध्यादेश प्रकाशन हुने,

भाग-२ मा प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश तथा अधिकार पत्र र अन्तर्गत बनेका निर्देशिका एवम् कार्यविधि प्रकाशन हुने,

भाग-३ मा प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचना र प्रदेश प्रमुखबाट हुने नियुक्तिको सूचना प्रकाशन हुने ।

४। प्रदेश राजपत्रको माथिल्लो भागमा निशाना छाप, सो को मुनि प्रदेश राजपत्र, सोको मुनि प्रदेश नं.१, प्रदेश सरकारद्वारा प्रकाशित र सोको मुनि लहरमा खण्ड....विराटनगर, नेपाल, महिना...... गते.... साल...... नियमित/अतिरिक्ताङ्क र सोको मुनि भाग... रहनेछ ।

५। प्रदेश सरकारका मन्त्रालय वा निकायले प्रदेश राजपत्र आवश्यकता अनुसार छपाउनेछ।

६) प्रदेश राजपत्र प्रकाशन भएपछि जुन मन्त्रालय वा निकायबाट प्रकाशन गरिएको हो सोही मन्त्रालय वा निकायले आफ्नो वेभसाइटमा राख्नुपर्नेछ । साथै आफ्नो निकायबाट प्रकाशित राजपत्रको अभिलेख राखी र आवश्यकता अनुसार वितरण समेत गर्नेछ।

७) प्रदेश सरकारका मन्त्रालय वा निकायले प्रकाशन गरेको राजपत्र अभिलेखको लागि प्रदेश सरकार, कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

८) प्रदेश सरकारका मन्त्रालयबाट प्रकाशित भई अभिलेखको लागि प्राप्त राजपत्रलाई कानून मन्त्रालयले आफ्नो वेभसाइटमा राख्नेछ ।

९) प्रदेश सरकारको राजपत्रको ढाँचा संलग्न अनुसूची बमोजिम हुनेछ।

अनुसूची

# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड...) विराटनगर, नेपाल, ....महिना...गते, ....साल (संख्या/अतिरिक्ताङ्क ....

भाग .....

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

.........................

प्रमाणीकरण मिति :

आज्ञाले,

नाम:

पद:

आज्ञाले,

यज्ञ बहादुर खत्री

प्रदेश सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो.द.र.नं. १६/२०६/०६३